बैठक संख्या : ३२

आज मिति २०८० साल कातिक २३ गते बिहिबार दिनको २:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरु गरेको छ ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | अनुपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | का.वा.सदस्य (वडा नं. ६) | श्री लालकृष्ण तिमल्सिना | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | अनुपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | अनुपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | अनुपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | वडा सदस्य, (वडा नं. १३) | श्री राजुप्रसाद श्रेष्ठ | उपस्थित |
| २७ | प्रशासन सहायक | श्री यादव खनाल | उपस्थित |

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**छलफलका विषयहरु:**

१. दशैं तथा तिहारमा अतिरिक्त सेवा (ड्युटी) गरे वापत नगर अस्पतालमा कार्यरत कर्मचारीहरूलाई भत्ता उपलब्ध गराउने सम्बन्धमा,

२. नगर प्रहरी भर्ना सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा,

३. आमा सुरक्षा कार्यक्रम सम्बन्धमा,

४. वडा नं. १० अन्तर्गतको सडक सुचारू गर्ने निवेदन सम्बन्धमा,

५. सहकारी नियमावली तथा मापदण्ड (आन्तरिक अनुगमन तथा स्वमूल्याङ्कन मापदण्ड २०८० सम्बन्धमा,

६. मिति 2080/07/18 गत्ते जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्प सम्बन्धमा,

७. बनेपा नगरपालिकामा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० सम्बन्धमा,

८. विविध।

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. Engagement Global gGmbH Service Agency Communities in One World को निमन्त्रणमा मित्रराष्ट्र जर्मनीको Potsdam मा नोभेम्बर १३, २०२३ देखि नोभेम्बर १५, २०२३ सम्म आयोजना हुने Connective Cities International Expert Dialogue "Towards a Climate Positive Built Environment Using Bio-based Materials and Recyclables" कार्यक्रममा त्यस तर्फ प्रस्थान गर्नुहुने यस नगरपालिकाका नगर प्रमुख श्री शान्तिरत्न शाक्यको सुखद र फलदायी यात्राका लागि शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

३. यस नगरपालिका अन्तर्गत सञ्चालित आधारभूत नगर अस्पताल, नालामा कार्यरत स्वास्थ्यकर्मीहरुले यस वर्षको विजया दशमी तथा तिहारका अवसरमा सार्वजनिक विदाको दिनमा समेत काम गर्नुपर्ने भएकाले चिकित्सक,नर्सिङ स्टाफ र पारामेडिक्स तर्फका कर्मचारीहरुमध्ये सो समयको सार्वजनिक विदाका दिन खटिने कर्मचारीहरुलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५६ ले गरेको कानूनी व्यवस्था समेतका आधारमा निजले पाउने आधारभूत तलब स्केलले हुन आउने दैनिक पारिश्रमिकको आधादिनको पारिश्रमिक खटेका हरेक दिनका लागि प्रदान गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाका लागि पेश भएका तपसिल बमोजिमका मस्यौदा कार्यविधि तथा मापदण्ड विधायन समितिमा पेश गरी उक्त समितिबाट भएको निर्णय सहित आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

   क) नगर प्रहरी नियुक्ति तथा सेवा शर्त सम्बन्धी कार्यविधि,

   ख) सहकारी नियमावली तथा आन्तरिक अनुगमन तथा स्वमूल्याङ्कन मापदण्ड,

५. यस नगरपालिकाको चालु आ.व. २०८०।०८१ मा सञ्चालन हुने आमा सुरक्षा कार्यक्रम २०८१ असार मसान्तसम्मका लागि बनेपा नगरपालिका वडा नं. ५ स्थित शिर मेमोरियल अस्पताल मार्फत सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

६. बनेपा नगरपालिका वडा नं. १० जनागालमा अरनिको राजमार्ग दक्षिण तर्फ घर भवन बनाई बसोबास गरी आएका नगरबासीहरुका लागि निकासको समस्या भएको र सोका लागि उक्त स्थानमा रहेको राजकुलो लाई नगरको मापदण्ड अनुरुप बाटाका रुपमा प्रयोग गर्न पाउँ भनि निवेदन समेत दर्ता भएको हुँदा साविक देखि नै बाटाका रुपमा प्रयोग भई आएको उक्त राजकुलोलाई नगरपालिकाले निर्धारण गरेको मापदण्ड अनुरुप बाटोका रुपमा अविच्छिन्न प्रयोगका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

७. मिति २०८० साल कातिक १८ गतेका दिन जाजरकोट क्षेत्रमा गएको भूकम्पमा परी जिउधन गुमाउने नेपाली दाजुभाई दिदीबहिनीहमा राहत स्वरुप नेपाल सरकारले स्थापना गरेको प्रधानमन्त्री देविप्रकोप उद्धार कोषमा बनेपा नगरपालिकाका तर्फबाट देहाय बमोजिमको रकम जम्मा गर्ने निर्णय गरियो ।

क) बनेपा नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. ५,००,०००।

ख) बनेपा नगरपालिकाका वर्तमान निर्वाचित जनप्रतिनिधिहरुले प्राप्त गर्ने मासिक सुविधाले हुन आउने पाँच दिन बराबरको रकम,

ग) बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतले पाउने माशिक पारिश्रमिकले हुन आउने पाँच दिन बराबरको रकम,

घ) बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरु मध्ये पाँचो तह र सो भन्दा माथिको तहमा कार्यरत कर्मचारीहरुका हकमा निजहरुले पाउने मासिक तलबले हुन आउने दुई दिन बराबरको रकम,

ङ) बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरु मध्ये चौथो तहसम्मका कर्मचारीहरुका हकमा निजहरुले पाउने मासिक तलबको एक दिन बराबरको रकम ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने गरी बनेपा नगरपालिका वडा नं. ४ र ५ बाट सिफारिस भई आएका सबै योजनाहरु स्वीकृत गरी कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

९. बनेपा नगरपालिका अन्तर्गत सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगित सञ्चालनका लागि समिति गठन सम्बन्धमा छलफल हुँदा उक्त समितिमा यस नगरपालिकाका तर्फबाट संयोजक र सदस्यमा देहाय बमोजिम मनोनयन गर्ने र उक्त प्रतियोगितामा नगर क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागिता रहने व्यवस्था मिलाउने निर्णय गरियो ।

संयोजक श्री बलराम अधिकारी, वडाध्यक्ष, बनेपा ५

सदस्य श्री शुभलक्ष्मी मानन्धर, वडाध्यक्ष, बनेपा ८

१०. यस नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित नयाँ सपिङ्ग कम्प्लेक्स ब्लक बि (पूर्व तर्फको ब्लक) चार वर्षका लागि ठेक्कामा दिन भएको कार्वाहीका क्रममा वार्षिक रु. ३,३५,१००। कबोल गर्ने बनेपा ८ निवासी राधेश्याम काफ्लेको बोलपत्र स्वीकृत भई सम्झौता समेत भएकोमा साविकमा उक्त भवनमा पेशा व्यवसाय गर्नेहरुले निषेधाज्ञा सहितको माग निवेदन गरी जिल्ला अदालत काभ्रेमा मुद्दा दायर गरी अदालतबाट अन्तरिम आदेश समेत भएका कारण संझौता बमोजिम भवनका सबै सटर (कोठा) प्रयोग गर्न नपाई रहेकोमा अदालतबाट नगरपालिकाको पक्षमा फैसला समेत भएको हुँदा अदालतमा निवेदन गर्ने साविकका बहालवालाले उपयोग गरेका उक्त भवनका सटर(कोठा) का हकमा उक्त सटर (कोठा) खाली नभएसम्मको बहाल रकम साविक बहालमा बस्नेहरुबाटै नियमानुसार असुल उपर गर्ने गरी सो मिति पछि मात्र हालका ठेकेदारले संझौता बमोजिमको बहाल रकम बुझाउने गरी पुरक संझौता गर्ने र त्यसरी संझौता गर्न नमानेमा निजसँगको ठेक्का संझौता भङ्ग गरी पुन बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

११. यस नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित सामुदायिक भवन बहालमा दिन यस अगाडी भएको कार्वाही अनुसार स्वीकृत भएको बोलपत्रवालालाई मनासिब समय दिई संझौता गर्न अन्तिम पटक सूचित गर्ने र सो म्याद भित्र उपस्थित नभएमा उक्त बोलपत्रको प्रक्रिया रद्द गरी पूनः साविक दररेटकै आधारमा बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकाका सवारी चालक श्री विकुलाल डंगोलको ब्रेन ह्याम्ब्रेज भएका कारण उपचार गराउनु पर्ने भई अस्पतालमा भरना भएकाले निजको शीघ्र स्वास्थ्य लाभको कामना सहित निजको उपचारका लागि रु. १,००,०००। (एक लाख) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१३. यस नगरपालिकाको स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

१४. चालु आ.व. २०८०।०८१ मा जिल्ला समन्वय समिति, काभ्रेको लागत सहभागिता ६० प्रतिशत र यस नगरपालिकाको लागत सहभागिता ४० प्रतिशत रहने गरी तपसिलमा उल्लेखित विद्यालय भवन निर्माण सम्बन्धी

क)	श्री भक्तेश्वर आ. विद्यालय, बनेपा ६

ख)	श्री प्रभात माध्यामिक विद्यालय, बनेपा ३

ग)	श्री चक्रज्योति माध्यामिक विद्यालय, बनेपा १३

१५. यस नगरपालिका कार्यालयमा कार्यरत अधिकृत छैठौं श्री रम्बा कायस्थको मिति २०८० साल कातिक ५ गतेका दिन असामयिक निधन भएको खबरले स्तब्ध बनाएको यस घडीमा दिवङ्गत आत्माको चिर शान्तिको कामना सहित शोकसन्तप्त परिवार जनमा हार्दिक समवेदना अर्पण गर्ने र निजको सम्मानमा मिति २०८० साल कातिक १२ गतेका दिन दिइएको शोक विदा अनुमोदन गर्ने निर्णय गरियो ।

बनेपा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बनेपा, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत